annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक १७४, पृष्ठ ८ | काठमाडौं, शनिबार १५ कात्तिक २०८२ | कार्तिक शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४६ | SATURDAY, NOVEMBER 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# व्यवस्था बदलिरहे, 'श्रीलंका' टापु उपेक्षामै रह्यो

अन्न उत्पादन र पर्यटकीय दृष्टिकोणले श्रीलंका टापु महत्वपूर्ण छ। तर, न्यूनतम पूर्वाधारको कमीका कारण यहाँका बासिन्दाले अरू त परै जाओस्, चुनावमा भोट हाल्न पनि वञ्चित हुनुपर्छ। टापुमा दुई हजार पाँच सयभन्दा बढी मतदाता छन्। तर, मतदान गर्न भने कोशी नदी तर्नुपर्छ। त्यसैकारण अधिकांश ज्येष्ठ नागरिक र महिला मतदानबाट वञ्चित हुने गरेका छन्। न्यूनतम पूर्वाधार र विकासबाट वञ्चित टापुका बासिन्दाका पीडा र मर्काबारे राज्य बेखरजस्तै छ।

**रत्नप्रसाद आचार्य** | *सुनसरी*

– को रिपोर्ट

समाचार पृष्ठ २



भित्री पृष्ठ



पूर्णताको दर्शन : ब्रह्मदेखि जगत्सम्म

- पृष्ठ ३



बेलायती सावनजसो कौलचौणको रिठो

- पृष्ठ ४



सम्झनामा रेशम फिरिरी...

- पृष्ठ ५



भिजिट भिसा खुकुलो, विदेश जानेलाई पर्दैन झन्झट

- पृष्ठ ७

# ओली र लेखकलाई भ्रमणमा रोक लगाउने निर्णयविरुद्धको रिटमा अन्तरिम आदेश अस्वीकार

**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र निवर्तमान गृहमन्त्री रमेश लेखकलाई विदेश भ्रमणमा रोक लगाउने सरकारी निर्णयविरुद्ध परेको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीश नृपध्वज निरौलाको इजलासले सरकारले अनुमतिबिना काठमाडौं उपत्यका बाहिर जान नपाउने निर्णयविरुद्धको रिटमा अन्तरिम आदेश जारी गर्नु नपर्ने ठहर गर्दै कारण देखाउ आदेश जारी गरेको हो। अधिवक्ता डा.प्रेमराज सिलवालले सरकारको निर्णय गैरकानुनी भएको दाबी गर्दै खारेज गर्न र तत्काल कार्यान्वयन नगर्न नगराउन अन्तरिम आदेशको माग गरेका थिए।

सर्वोच्चले १५ दिनभित्र विपक्षीले महान्यायाधीवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न आदेश दिएको छ। रिट निवेदनमा प्रधानमन्त्री कार्यालय, जाँचबुझ आयोगलगायतलाई विपक्षी बनाइएको छ।





आयोगको गत असोज १२ गते प्रकाशित प्रेस विज्ञप्तिमा काठमाडौं उपत्यका छाड्न नपाउने व्यवस्थाका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने उल्लेख थियो। सो पत्राचारअनुसारको निर्णय वा कारबाही सम्बन्धित निकायबाट भइसकेको जानकारी सार्वजनिक भएको छैन।

आयोगले जेन-जी आन्दोलन घटनासम्बन्धी जाँचबुझ आयोगले पूर्वप्रधानमन्त्रीसमेत रहेका ओली, पूर्वगृहमन्त्री लेखक, पूर्वगृहसचिव गोकर्णमणि दुवाडी, पूर्वराष्ट्रिय अनुसन्धान प्रमुख हुतराज थापा र पूर्वप्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई सरकारको अनुमतिबिना काठमाडौं उपत्यकाबाहिर जान रोक लगाउन सिफारिस गरेको थियो।

गत भदौ २३ र २४ को जेन-जी आन्दोलनको घटनामा अनुसन्धानको दायरामा रहेको र जुनसुकै बेला पनि आयोगमा उपस्थित हुनुपर्ने भएकाले विदेश भ्रमण र उपत्यकाबाट बाहिर जान नपाउने व्यवस्था गर्न सम्बन्धित निकायलाई पत्राचार गरिएको थियो।

## भारत–अमेरिकाबीच १० वर्षे रक्षा साझेदारी सम्झौता

**नयाँदिल्ली** (एजेन्सी) : भारत र अमेरिकाबीचको रक्षा सहकार्य अब नयाँ दशकमा प्रवेश गरेको छ। मलेसियामा १० वर्षे 'प्रमुख रक्षा साझेदारी ढाँचा'मा हस्ताक्षर गर्दै दुवै देशले इन्डो-प्यासिफिक क्षेत्रमा शक्ति सन्तुलन र रणनीतिक स्थिरताका लागि ऐतिहासिक सहमति जनाएका छन्। भारतका रक्षामन्त्री राजनाथ सिंह र अमेरिकी युद्धमन्त्री पिट हेगसेथले शुक्रबार मलेसियाको राजधानी क्वालालम्पुरमा ऐतिहासिक १० वर्षे 'भारत-अमेरिका प्रमुख रक्षा साझेदारी ढाँचा' मा हस्ताक्षर गरेका छन्।

दुई देशबीच बढ्दो रणनीतिक सहकार्यलाई बलियो बनाउने उद्देश्यले गरिएको यो सम्झौताले भारत-अमेरिका रक्षा सम्बन्धलाई नयाँ युगतर्फ अग्रसर गराउने बताइएको छ। सम्झौतापछि अमेरिकी युद्धमन्त्री हेगसेथले आफ्नो सामाजिक सञ्जाल एक्समा लेख्दै भारतसँगको सम्बन्ध 'पहिला कहिल्यै यति बलियो नभएको' उल्लेख गरेका छन्।

# महाधिवेशन कार्यतालिका विवाद, कांग्रेस बैठक स्थगित

**राधा खनाल** | *काठमाडौं*

शुक्रबार निर्धारित कांग्रेस केन्द्रीय कार्यसमिति बैठक बस्दै नबसी स्थगित भएको छ। पार्टी केन्द्रीय कार्यालय सानेपामा दिउँसो १ बजे बस्ने गरी बोलाइएको बैठक महाधिवेशनको विषयमा नेतृत्वबीच सहमति जुट्न नसकेपछि अचानक स्थगित गरिएको थियो। महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले शुक्रबार बिहान कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई भेटेर केन्द्रीय कार्यसमितिमा महाधिवेशनको कार्यतालिका पेस गर्ने समय मागेका थिए। शुक्रबारकै केन्द्रीय समिति बैठकबाट महाधिवेशनको कार्यतालिका ल्याउनुपर्ने उनीहरूको जोड थियो। तर, तीन नेताबीच पटक-पटक भएका छलफल सकारात्मक नभएपछि आइतबारसम्मका लागि बैठक स्थगित गरियो। त्यसअघि पार्टी कार्यालय सानेपामा दुवै पक्षले आ-आफ्नो समूहमा छलफल गरेर पुन: समझदारी जुटाउने गरी बैठक स्थगनको निर्णय गरेका थिए।

पार्टी बैठकमा महामन्त्रीले प्रस्तुत गर्ने एजेन्डा सभापतिको सहमतिमा मात्रै प्रस्तुत गर्ने चलन छ। यसअघि पनि महामन्त्री थापाले महाधिवेशनका दुई विकल्प भन्दै केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा प्रस्तुत गरेका थिए। कार्यसम्पादन समितिमा सहमति जुटाएर केन्द्रीय कार्यसमितिमा कार्यतालिका प्रस्तुत गर्ने थापाको तयारी थियो। तर उक्त कार्यतालिका ल्याउन संस्थापन पक्षका नेताहरूले रोकेका थिए। यद्यपि उनले सार्वजनिक भने गरे। महामन्त्रीद्वय थापा र शर्मा सकभर मंसिरमै महाधिवेशन गर्नुपर्ने, नभए विशेष महाधिवेशन गर्नुपर्ने पक्षमा छन्। तर, संस्थापन (कार्यवाहक सभापति खड्का पक्ष) भने फागुनको प्रतिनिधिसभा निर्वाचनपछि मात्रै महाधिवेशन गर्नुपर्ने अडानमा छ।



पदाधिकारीहरूको अनौपचारिक बैठकमा कार्यवाहक सभापति खड्काले मंसिरभित्र वडा र पालिका तहसम्मको अधिवेशन सक्ने र बाँकी निर्वाचन पछि गरौंसम्म पनि भनेका थिए। तर खड्काको प्रस्तावमा महामन्त्री थापा सहमत छैनन्। थापा केन्द्रीय महाधिवेशन निर्वाचन अगाडि हुनुपर्ने अडानमै छन्। उनी निकट एक केन्द्रीय सदस्यले थापा अझै पनि सहमति गरेरै जाऔं भन्ने पक्षमा छन्। उनले भने, 'महामन्त्री कार्यवाहक सभापतिसँग रुष्ट हुनुहुन्न। उहाँ सहमति गर्ने प्रयासमै हुनुहुन्छ। यद्यपि प्रतिनिधिसभा निर्वाचन फागुनमा हुने/नहुने निश्चित छैन। सरकारको काम गराईको शैलीले फागुनमा निर्वाचन होला जस्तो छैन। अनि संस्थापन पक्षले त्यसै वैशाखमा गरौं भनेको होइन। सरकारले यो निर्वाचन सारेर वैशाखमा पुर्‍याउँछ अनि वैशाखमा निर्वाचन हुन्छ। अनि निर्वाचनमा लाग्ने कि महाधिवेशनमा त्यो पनि सम्भव छैन। अन्तत: महाधिवेशन सारेर एक वर्ष कार्यकाल थपेर घुमिफिरी मंसिरमा पुर्‍याउने रणनीति संस्थापनको छ। यसैको विरोधमा महामन्त्रीजीको विद्रोह र अडान हो।'

अर्का महामन्त्री शर्माले मंसिरमा महाधिवेशन गर्न सम्भव नभए पुस १६ देखि १९ गतेसम्म १५औं महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याउनुपर्ने प्रस्ताव कार्यवाहक सभापति खड्कालाई राखेका थिए। त्यसमा अर्का महामन्त्री थापाले सहमति जनाएका थिए।

महाधिवेशनको कार्यतालिका ल्याउन नपाउने हो भने केन्द्रीय समिति बैठकमा अनुपस्थित हुने जानकारी कार्यवाहक सभापति खड्कालाई गराएका थिए। कार्यवाहक सभापति खड्काले आफू नियमित महाधिवेशन गर्ने पक्षमा रहेको र सबैसँग छलफल गर्न एक दुई दिन समय आवश्यक पर्ने कुरा गरेका थिए। तीन नेता बिचको छलफलमा खड्काले भनेका थिए, 'नियमित महाधिवेशन गरौं तर के कति सम्भव हुन्छ त्यो पनि हेरौं। साथीहरूलाई सम्झाउन बुझाउनुपर्ने हुन्छ। त्यसमा म समन्वय गर्छु। १, २ दिन समय दिनुस्। बैठकमा नआउने कुरा नगर्नुस्। समय दिनुस्। सबै मुद्दामा छलफल गरम त्यसपछि समय तय गरौंला। यो मिलेर जुट्ने नै समय हो।' सिंगो संस्थापन पक्ष भने फागुन २१ को चुनावअघि महाधिवेशन गर्ने पक्षमा छैन्।

महामन्त्रीद्वयले भने कार्यवाहक सभापति खड्कालाई नयाँ कार्यतालिकाबारे जानकारी गराइसकेका छन्। तर संस्थापन पक्षले भने फागुन २१ को चुनावअघि महाधिवेशन गर्न नसक्ने भन्दै वैशाखमा गर्नुपर्ने दबाब खड्कालाई दिइरहेका छन्। तर महामन्त्रीद्वय चुनावअघि महाधिवेशनका पक्षमा छन्। नियमित महाधिवेशन गर्न नसके विशेष महाधिवेशनमा जानुपर्ने उनीहरूको तर्क छ।

संस्थापन इतर समूहले पुस १६ गते नियमित महाधिवेशन गर्ने प्रस्ताव अघि सारेको हो। इतर पक्षका नेता शेखर कोइरालाले आफूनिकट पदाधिकारीसँग छलफल गरेपछि १६ गते महाधिवेशन गर्ने गरी कार्यतालिका ल्याउने निष्कर्ष निकालेको हो।

यद्यपि कोइरालाले भने पार्टी फुट्ने माहोल नबन्ने भन्दै मंसिरबाट वडा अधिवेशन सुरु गर्न आग्रह गरेका छन्। शेखरले महामन्त्री द्वयसँगको भेट पछि भने, 'ठीक छ रेगुलर महाधिवेशनमा जाने हुँदा पनि मंसिरबाटै वडा अधिवेशन सुरु गरौं, अधिवेशन सुरु गरिएपछि महाधिवेशन पुस, माघसम्म सकिन्छ, फागुनको चुनावअघि महाधिवेशन सम्पन्न हुँदा राम्रो हुन्छ। तर, कुनै पनि हालतमा म पार्टी फुट्न दिन्नँ। मैले महामन्त्रीजीहरूसँग पनि यही कुरामा जोड दिएको छु।'

» बाँकी पृष्ठ ६